कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: ३२६ | वि.सं. २०८१ | चैत | ६ | बुधवार | नेपाल संवत: ११४४, | चैत कृष्ण पञ्चमी | Wednesday | 18 | March | 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

# कर्णालीमा फैलिँदो अपराधको जालो

## चार वर्षमा ६ हजार घटना




**गीता थापा**
**सुर्खेत, ५ चैत ।**

कर्णाली प्रदेशमा पछिल्ला वर्षहरुमा अपराधका घटनाहरु बृद्धि हुँदै गएका छन् । कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतले उपलब्ध गराएको तथ्यांकलाई विश्लेषण गर्ने हो भने पछिल्ला वर्षहरुमा अपराधिक घटनाले बढवा पाउँदै गएको देखाउँछ । जसमा विगत चार वर्षमा कर्णालीमा ६ हजार तीन सय ८० अपराधका घटनाहरु भएका छन् । प्रदेश प्रहरी कार्यालय सुर्खेतका अनुसार आर्थिक वर्ष ०८१/०८२ को माघ महिनासम्ममा १ हजार ८९ वटा अपराधका घटना भए ।

त्यस्तै, आर्थिक वर्ष २०८०/०८१ मा २ हजार २० वटा, आर्थिक वर्ष २०७९/०८० मा एक हजार सात सय ५७ वटा र आर्थिक वर्ष २०७८/०८९ मा एक हजार पाँच सय ४० वटा अपराधका घटना प्रहरीमा दर्ता भएको तथ्यांक छ । प्रदेश प्रहरीको तथ्याङ्क अनुसार आत्महत्या सम्बन्धी अपराधका घटना धेरै हुने गरेको पाइएको छ । पछिल्लो चार बर्षको

बाँकी २ पेजमा

### संगठित तथा आर्थिक अपराध पनि उत्तिकै

कर्णाली प्रदेशभर चार वर्षमा ६ सय १३ वटा संगठित तथा आर्थिक अपराधका घटना भएका छन् । आर्थिक वर्ष २०७८/०७९ मा एक सय ४४ वटा संगठित तथा आर्थिक अपराधका घटना भएका थिए । यस्तै, २०७९/०८० मा एक सय ७१ वटा, आर्थिक वर्ष ०८०/०८१ मा एक सय ६६ वटा संगठित तथा आर्थिक अपराध भएका थिए । आर्थिक २०८१/०८२ को माघ महिनासम्म एक सय ३२ वटा संगठित तथा आर्थिक अपराध भएका छन् ।

प्रहरीमा उपलब्ध तथ्याङ्कलाई हेर्दा संगठित तथा आर्थिक अपराधमा लागूऔषध कारोबारका घटना सबैभन्दा धेरै देखिन्छ । पछिल्लो चार

बाँकी ४ पेजमा

### चोरीका घटनामा पनि वृद्धि

कर्णाली प्रदेशमा चोरीका घटनामा पनि वृद्धि भएको छ । साधारण र नकबाजी चोरीका घटना सबैभन्दा धेरै भएको देखिन्छ । पछिल्ला चार वर्षमा दुई सय ६४ वटा चोरीका घटना भएका छन् । एक सय ६२ वटा साधारण चोरीका घटना भएका छन् । डाँका चोरी ५३, नकबजनी चोरी ३७, सवारी चोरी नौ, पुरातात्विक चोरी एक र चौपाया चोरी दुई वटा भएका छन् ।

त्यस्तै, घटनामा मानव बेचविखन ओसारप्रसारका घटना १७, बहुविवाह दुई सय ४४, बालविवाह ३२,

बाँकी ४ पेजमा

### आर्थिक कारण अपराधमा बृद्धि

कर्णाली प्रदेश प्रहरीका प्रवक्ता शिबकुमार श्रेष्ठले कर्णालीमा आत्महत्या, लागु औषध ओसार प्रसार, जवरजस्ती करणी, बैंकिङ कसुरका घटना बढी मात्रामा हुने बताउँछन् । प्रदेशमा घट्ने धेरै जसो अपराधका घटना आर्थिकसँग जोडिएको उनले बताए । पैसा छिटो कमाउने उद्देश्यले जानेर वा नजानेर अपराधका घटनाहरू हुने प्रवक्ता श्रेष्ठ बताउँछन् ।

प्रवक्ता श्रेष्ठले भने, 'छिटो धनी बन्ने लालसाले संगठित तथा आर्थिक अपराध मार्फत पैसा कमाउने प्रवृत्ति धेरै बढेको छ ।' सचेतनाको कमी, गरिबी र विपन्नता कारण समाजमा अपराध बढेको उनले बताए । वैंकिङ कसुरमा धेरै जसो चेक ब्याउन्सका उजुरी आउने उल्लेख गर्दै उनले बैंकिङ कारोवार गर्दा सचेत रहनुपर्ने बताए ।

आत्महत्या कम गर्नका लागि आम नागरिकलाई मनोसामाजिक परामर्श सम्बन्धी सचेतनाका कार्यक्रमहरु गर्न जरुरी रहेको उनको छ । प्रवक्ता श्रेष्ठले लागुऔषध सेवनमा धेरै जसो विद्यार्थी र युवा फस्ने गरेको बताए । उनले युवा र विद्यार्थीलाई लागुऔषध सम्बन्धी सचेतना कार्यक्रमहरु विद्यालय स्तरमा गर्दै आइरहेको बताए ।

त्यस्तै, सडक दुर्घटना न्यनीकरण गर्नका लागि प्रदेश प्रहरीले ट्राफिक प्रहरीसंग सहकार्य र संमन्वय गर्दै आइरहेको प्रवक्ता श्रेष्ठले जानकारी दिए । प्रवक्ता श्रेष्ठले कर्णालीमा भौगोलिक विकटताका कारण आमनागरिकलाई सुरक्षा दिन कठिनाई भइरहेको बताए । कतिपय घटना भएका स्थानमा सडक स्तरउन्नती नहुँदा समयमा प्रहरी पुग्न नसकेको उनले स्वीकार गरे ।

# बाँकेका ६९ 'फर्म'कारबाहीमा १० लाख जरिवाना असुल

**युग संवाददाता**
**नेपालगञ्ज, ५ चैत ।**

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयले चालु आर्थिक वर्षको आठ महिनामा ६९ वटा व्यावसायिक फर्मलाई कारबाही गरेर रु १० लाख ५० हजार जरिवाना गरेको छ । सो अवधिमा उक्त कार्यालयका प्रमुख हरिबहादुर खत्रीले इजाजत नलिएको, म्याद गुज्रेका वस्तुको बेचबिखन गरेको, मूल्यसूची नराखेकोलगायत कसुरमा ती फर्मलाई कारबाही गरिएको जानकारी दिए ।

कार्यालयबाट आयात र निर्यातका लागि इजाजत दिने, बजार अनुगमन गर्ने र विद्यालय उपभोक्ता शिक्षा कार्यक्रम सञ्चालन भइरहेको छ । लुम्बिनी प्रदेशका बाँके, बर्दिया, दाङ, प्यूठान, रोल्पा र पूर्वी रुकुम र कर्णाली प्रदेशका सबै जिल्ला गरी १६ जिल्ला कार्यक्षेत्र रहेको कार्यालयले उपभोक्ताको स्वास्थ्यमाथि गम्भीर असर गर्नेगरी उपभोक्ताको अधिकार हनन गर्नेलाई कारवाहीको दायरामा ल्याउन नियामक निकायलाई सुझाव दिएको छ । उक्त कार्यालयले आर्थिक वर्ष ०७८/७९ मा ४३, आव ०७९/८० मा ३५ र आव ०८०/८१ मा १४० फर्मलाई कारबाही गरेर रु. ३२ लाख ९५ हजार जरिवाना असुल गरेको थियो ।

# कर्णाली नदीमा बेपत्ता मजदुर मृत फेला

**युग संवाददाता**
**सुर्खेत, ५ चैत ।**

ड्रमको डुंगा चढेर कर्णाली नदी तर्ने क्रममा बेपत्ता मजदुरको शव मंगलबार फेला परेको छ । कर्णाली करिडोरको घाटचौर-लैफु सडकमा काम गर्ने मुगु रारा छाँयानाथ नगरपालिका-१० का २३ वर्षीय देवनाथ सेजुवाल सोमबार बिहान कर्णाली नदीमा बेपत्ता भएका थिए ।

१० महिनादेखि कर्णाली करिडोरमा ज्याला मजदुरी गर्दै आएका सेजुवाल कर्णाली नदी पारीबाट डिजेल राख्ने ड्रम जोडेर बनाइएको डुंगा चढेर काम गर्ने ठाउँमा आउने क्रममा नदीमा बेपत्ता भएपछि प्रहरीसहित स्थानीयले खोजी गरेका थिए ।

बेपत्ता युवाको शव फेला पारेर आफन्तको जिम्मा लगाइएको कालिकोटका निमित्त प्रहरी प्रमुख किशोर केसीले बताए । कर्णाली करिडोरको कालिकोट पलाता-९ मा पर्ने घाटपारी चौरदेखि बाजुराको लैफूसम्म ११ किलोमिटर चट्टान विस्फोटनसहित नेपाली सेनाले जिम्मा लिएर निर्माण गरिरहेको छ । उक्त सडक हाल घुमाउरो बाटो हुँदै नानिकोटको बोलु गाउँबाट घाटपारी चौर झारिएको छ । कर्णाली नदीको तीरैतीर ट्याग खुलेपछि १० किलोमिटर छोटो पर्छ ।

# १० औं राष्ट्रिय खेलकुदको लोगो र मस्कट सार्वजनिक

**युग संवाददाता**
**सुर्खेत, ५ चैत ।**

आगामी जेठमा कर्णाली प्रदेशमा हुन लागेको १० औं राष्ट्रिय खेलकुदको लोगो र मस्कट सार्वजनिक भएको छ । मंगलबार ललितपुरुस्थित अन्तराष्ट्रिय खेलकुद परिसरमा युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीले लोगो र मस्कट सार्वजनिक गरेका हुन् ।

मस्कटमा रेड पाण्डा राखिएको छ भने लोगोमा सात रङ, चन्द्र र सुर्य अंकित छ । मन्त्री चौधरीले दशौं राष्ट्रिय खेलकुदमा सहभागी हुने खेलाडी र प्रशिक्षकको अनलाइन दर्ता प्रणालीसमेत सार्वजनिक गरेका छन् । सार्वजनिक भएको अनलाइन प्रणालीमा खेलाडी र प्रशिक्षकले आफ्नो नाम दर्ता गराउन सक्ने जनाइएको छ ।

कर्णाली प्रदेशमा आगामी ३ जेठदेखि १० गतेसम्म खेलकुदको महाकुम्भ मानिने १० दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको मिति तय गरिएको छ । २०८१ मंसिरमा गर्ने भनिएको प्रतियोगिता पूर्वाधार नपुगेको भन्दै चैतमा सारिएको थियो । पुनः तयारी नपुगेको भन्दै तेस्रो पटक प्रतियोगिता सरेर २०८२ जेठमा पुगेको हो ।

**खाना पकाउने ग्यास प्रयोगमा सावधानी अपनाऔं ।**

- सलाई, लाइटरजस्ता प्रज्वलनशील सामग्री बालबालिकाले भेट्ने गरी नराखौं,
- ग्यौंस वालेर भान्साकोठा छाडेर नजाऔं,
- ग्यौंस सिलिण्डरलाई सकेसम्म भान्सा कोठाभन्दा बाहिर राखौं,
- प्रयोग मिति यकीन गरेर मात्र ग्यौंस सिलिण्डर खरिद गरौं,
- ग्यौंस सिलिण्डरको पाइप समय-समयमा जाँच गरौ.
- आवश्यकताभन्दा बढी ग्यौंस सिलिण्डर सञ्चय नगरौं,
- कुनै खराबी वा टुटफूट भए तुरुन्त मर्मत गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**विज्ञापन दर/रेट सम्बन्धी सूचना**

युगआह्वान राष्ट्रिय दैनिकमा आ.व. २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दर/रेट २०८१ साउन १ तदनुसार 16 July 2024 देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**विज्ञापन दर/रेट**

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| प्रथम पृष्ठ | रु. २०००/- | रु. १८००/- |
| भित्री पृष्ठ | रु. १५००/- | रु. १२००/- |
| अन्तिम पृष्ठ | रु. १७००/- | रु. १५००/- |

**वर्गीकृत**

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु. ३५००/- | रु. १५००/- |
| वर्गीकृत डिस्प्ले (प्रति शब्द) | | रु. ७०/- |

ज्याकेट १ पेज रु. ८,००,०००/-

नोट: उल्लेखित दर/रेट मू.अ.कर बाहेक

युगआह्वान
www.yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...

फोन नं.: ९८५८०५२८१०/९८५८०५५६२७/९८५८०५५६२८
इमेल: yugaawhandainik@gmail.com, yugaawhan@gmail.com

विश्वभरी एकै पटक इ-पेपरका लागि
www.yugnews.com
facebook
https://www.facebook.com/yugnews
यहाँ स्क्यान गर्नुहोस् ।
Job Karnali
Find Your Dream Job
Jobkarnali.com
Tender Karnali
Tenderkarnali.com
ebazar
ebazar.com
GET IT ON Google Play
yugnews.com

## सम्पादकीय....

# कर्णालीको इतिहाँस नासिन नदेऊ !

कर्णाली प्रदेश नेपाली भाषाको उद्‍गम थलो हो। समग्र देशकै धार्मिक एवं पुरातात्विक महत्वका हिसाबले बैभवसाली क्षेत्र पनि कर्णाली हो । कर्णाली विभिन्न भाषाभाषी, जातजाति र धर्मको संगमस्थल हो। १२ औं शताब्दीसम्म सिञ्जा उपत्यका र दुल्लु दुई वटा राजधानी बनाई विकास भएको विशाल खस साम्राज्य विघटन भएपछि मात्र बाइसे, चौबिसे राज्यहरू बनेको इतिहाँस छ। ११४० सालमा राजा नागराजले खस राज्यको स्थापना, उनका वंशज, क्राचल्ल, पृथ्वी मल्ल, जितारी मल्लका पालामा निर्माण गरिएका, मुग्रा धारा, देवल, गुफा, पञ्चदेवलहरू, कोतगढीजस्ता ऐतिहाँसिक सम्पदा कर्णाली प्रदेशको खस साम्राज्यका महत्वपूर्ण प्रमाणहरू हुन्। खस मल्लकालीन साम्राज्यकालमा जुम्लाको सिञ्जाहाटमा ग्रीष्मकालिन र दैलेखको दुल्लुमा शीतकालिन राजधानी थियो। कुनै बेला खस संस्कृतिको साम्राज्य इराक, इरानदेखि बर्मा जावा समुद्रसम्म फैलिएको इतिहाँसकारहरुले दस्तावेजिकरण गरेका छन् । खस राज्यकालिन समयमा कर्णाली क्षेत्रमा हजारौं ऐतिहाँसिक, धार्मिक, सांस्कृतिक र पुरातात्विक सम्पदाहरू निर्माण भएका थिए। नेपाली भाषा लिपिबद्ध गरेको सबैभन्दा पुरानो साके संवत् ९०३, वि.सं. १०३८ मा लेखिएको कर्णाली प्रदेशीय नागराजका उत्तराधिकारी दामुपालको समयको भनिएको भाषालिपि दैलेखको दुल्लुमा छ।

तर, अहिले यि सम्पदा नासिने चरणमा छन्। दैलेखको शिलालेखमा 'क' र 'ॐ' शब्दको अस्तित्व अहिले संकटमा परेको छ। अस्तित्व जोगाउने अभियान पनि नभएका होइनन् तर, उचित व्यवस्थापन र संरक्षण हुन सकिरहेको छैन । मल्ल राज्य सिञ्जा र जुम्लाको दुल्लु दैलेख पनि संरक्षणको पर्खाइमा छ। दैलेखको इतिहाँस जोगाउन केन्द्र र स्थानीय सरकारले जागरुकता देखाउनुपर्ने आवश्यकता रहेको इतिहाँसकारहरू बताउँछन्। मल्ल राज्यकालमा जुम्लाको सिञ्जा र दैलेखको दुल्लुमा रहेका हजारभन्दा बढी ऐतिहाँसिक सम्पदा, कृति, अभिलेख मासिँदै गएका छन् । धातु र काठबाट निर्मित सम्पदा भने लोप भइसकेका छन् । राज्यले संस्कृतिलाई अनुत्पादक क्षेत्र ठान्नुले कर्णालीका अधिकांश सांस्कृतिक तथा ऐतिहाँसिक सम्पदा नासिँदै जान थालेका छन् । तत्कालिन खस राज्य कर्णाली र हालको कर्णाली प्रदेशको इतिहाँस खोजीमा राज्यले ध्यान पुऱ्याउन सकेको छैन । प्राचिन् स्मारक संरक्षण ऐन, २०१३ (संशोधनसहित) ले 'पुरातात्विक वस्तु' को संरक्षणमा विशेष व्यवस्था गरेको छ। तर, ऐनले व्यवस्था गरे बमोजिम स्थानीयले महत्व नबुझ्नु र राज्यको संरक्षण नीतिमा ढङ्ग नपुग्नुले कर्णालीमा रहेका अधिकांश ऐतिहाँसिक तथा पुरातात्विक एवं धार्मिक महत्वका स्थलहरू ओझेलमा मात्रै परेका छैनन्, नामेट हुने चरणमै पुगिसकेका छन् ।

अझ भनौं, सम्पदा संरक्षणमा सरकार त उदासीन छ, स्थानीय नागरिकमा अपनत्वको विकास अझै भइनसकेको देखिन्छ, जसले गर्दा सम्पदा चोरीको जोखिम पनि उत्तिकै छ। समय, व्यक्ति र शासन जसको भएपनि सो समयमा निर्माण भएका सम्पदा तथा स्थापित भएका मान्यताहरु हाम्रा लागि इतिहाँस हुन्। यसको जर्गेना गर्नु इतिहाँसको रक्षा गर्नु हो। अर्कोतर्फ कर्णाली क्षेत्रको अझै पनि बृहत अध्ययन हुन सकेको छैन। जसले गर्दा कतिपय सम्पदाको इतिहाँस रहस्यको गर्भमै छ। खस राज्यको विविधता बोकेको कर्णालीलाई इतिहाँसको अध्ययनस्थल बनाइनुपर्ने हो। बिडम्बना यसो हुन नसकेको अवस्था छ। खस राज्यकालिन सम्पदाहरु कर्णालीका गहना हुन्। यिनको संरक्षण गर्नु राज्यसँगै स्थानीयको पनि दायित्व हो। यसले भावि पुस्तालाई कर्णालीको इतिहाँस र यसको महत्व बुझाउन सहज हुनेछ। यसर्थ, तीनै तहका सरकारले कर्णाली क्षेत्रमा रहेका खस राज्यकालिन सम्पदा जोगाउन स्थानीयको सहभागितामा विशेष योजना बनाउनतर्फ ध्यान पुऱ्याउनु पर्दछ।

# शिक्षामा एआईको प्रभाव



डा. आमोद खतिवडा



विगत सय वर्षको समयावधितिर फर्केर हेर्दा संसारमा भएका विकासहरू अपत्यारिला लाग्छन्। औद्योगिक क्रान्ति, भौतिक पूर्वाधार विकास, अन्तरिक्ष अन्वेषण, आणविक हतियार निर्माण तथा सूचना प्रविधि विकासले मानव इतिहासलाई अधिकतर उचाइमा पुऱ्याएको छ।

विकासका अनेक युग पार गर्दै अहिले हामी डेटा विज्ञान र आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को युगमा प्रवेश गरेका छौं। विभिन्न क्षेत्रहरूको विकासले दशकौं समय लिएका भए पनि एआई विकासको गति अकल्पनीय ढंगले तीव्र छ।

गुगलका वैज्ञानिकहरूले सन् २०१७ मा प्रकाशन गरेको ट्रान्सफर्मर आर्किटेक्चरको सोधपत्र एआई विकासको नयाँ सुरूआत मान्ने हो भने बितेको आठ वर्षमै एआईले ठूलो फड्को मारेको छ।

अहिले आएका च्याट जिपिटी र मिस्ट्रल जस्ता एआई क्षेत्रको प्रतिनिधित्व गर्ने लार्ज ल्यांग्वेज मोडल (एलएलएम) हरू सोधिएका प्रश्नको उत्तर मानिसले झैं भन्न र लेख्न सक्षम देखिएका छन्।

अझ डिपसिक र ओपन एआईले निर्माण गरेका नयाँ रिजनिङ मोडलहरू त मानिसले जस्तै सोच्न समेत सक्षम हुँदै अघि बढेका छन्।

एलएलएम मोडलहरू योग (आरएजी) नामक नयाँ प्रविधि प्रयोगबाट आफ्नो ट्रेनिङ डेटाको आधारमा मात्र नभएर इन्टरनेटमार्फत ताजा डेटा खोजेर त्यसको आधारमा पनि उत्तर दिन सक्छन्।

एआईको अर्को विशेष पाटो रोबोटिक्स हो, यसको प्रगतिसमेत लोभलाग्दो छ। रोबोटले लेखनमा अब्बल एलएलएमको सहयोगमा मानिसको निर्देशन बुझ्न र त्यही अनुसार भौतिक क्रियाकलापमा मद्दत गर्न सक्छ।

उता डेटा सेन्टरमा भएका खर्बौंका नयाँ लगानी, माइक्रोसफ्टको मजोराना-१ चिप लगायत क्वान्टम कम्प्युटिङमा भएका ताजा आविष्कारहरूले अबको केही वर्षमा एआईको दायरा अझै फराकिलो बनाउँदै लैजाने देखिन्छ। एआई प्रविधिहरूले एकातिर मानवजीवन सरल बनाउदै लगेका छन् भने अर्कोतिर मानिसकै रोजगारीका अवसरहरू खुम्च्याउँदै लगेका छन्।

विशेषतः सफ्टवेयर इन्जिनियरिङ, ग्राहकसेवा प्रतिनिधिजस्ता एकै प्रकारका काम दोहोरिने क्षेत्रमा एलएलएमको प्रयोगले रोजगारीमा गिरावट ल्याएको देखिन थालेको छ।

शिक्षा क्षेत्रमा समेत एआईले विशेष प्रभाव पार्न थालेको छ। अचेल विश्वविद्यालयका विद्यार्थीहरूले गृहकार्य र प्रोजेक्टहरूमा एलएलएम प्रयोग गर्ने गरेका छन्। यसबाट प्राध्यापकहरूलाई विद्यार्थीको रचनात्मकताको मूल्यांकन गर्न कठिन हुँदै गएको छ।

औपचारिक शिक्षा, अझ विशेष गरेर प्राविधिक शिक्षामा एआईको प्रयोग प्रभावकारी बनाउन विश्वविद्यालयहरूले सोच्ने बेला आएको छ।

अर्कोतिर, एआई र अनलाइनमार्फत नै सस्तोमा पढ्न मिल्ने सुविधा बढ्दै जाँदा आगामी दिनमा विश्वविद्यालय नै किन जानु भन्ने बहस सुरू हुन सक्छ।

केही महिनादेखि एआई एजेन्टको प्रयोग भइरहेको छ।

यस्तो एजेन्टले दिइएको निर्देशन अनुसार सफ्टवेयर बनाइदिन्छ, अनलाइनमार्फत किनमेल गरिदिन्छ। विभिन्न वेबसाइटमा खोजेर सबैभन्दा न्यून मूल्यमा होटेल बुक गरिदिन्छ, हवाई टिकट काटिदिन्छ। आफूलाई चाहिएको विषयको शोधपत्र खोजिदिने काम पनि गर्न सक्छ। त्यस्ता एजेन्टहरूले निकट भविष्यमा प्राध्यापकहरूले जस्तै पढाउन पनि सक्लान्।

यसै पनि प्राविधिक क्षेत्रमा रोजगारीका लागि आजकाल प्रमाणपत्रभन्दा सीपमा बढी महत्त्व दिने गरिएको छ। घरमै बसेर प्राविधिक ज्ञान हासिल गर्न सकिन्छ भने विश्वविद्यालय र प्राध्यापक किन अनिवार्य हुन्छ र? कतिपय देशमा यस्तो कुरा पनि उठ्न थालेको छ।

अब विश्वविद्यालयहरू प्रचलित प्रविधि अनुसार चल्न सकेनन् भने तिनको आवश्यकता घट्दै जान सक्छ।

प्राविधिक हिसाबले विश्वविद्यालयको आवश्यकता घटे पनि, अनलाइन कक्षा र एआई मोडलहरू शिक्षकले झैं पढाउन सक्षम भए पनि विश्वविद्यालय हामीलाई आवश्यक हुनेछन्।

विश्वविद्यालय शैक्षिक ज्ञान प्रवाह गर्ने ठाउँ मात्र होइन, सामाजिक जीवनको महत्त्वपूर्ण अवयव समेत हो।

मानव सभ्यताको विकास एकल ढंगले भएको होइन, एकअर्कासँग मिलेर काम गर्दा, समूहमा बस्दा र सामूहिक भावनाले काम गर्दै जाँदा क्रमिक रूपले भएको हो। विश्वविद्यालयमा विद्यार्थीहरूले समान सोच भएका साथीहरू भेट्छन्। आपसमा सहकार्य गर्छन्। यस प्रक्रियाले थप विकासका लागि सञ्जाल निर्माण गर्न, नयाँ विचार आदानप्रदान गर्न र व्यावहारिक जीवनमा आवश्यक सीप सिक्न मद्दत पुऱ्याउँछ।

विश्वविद्यालयमा हुने सहकार्य, सामूहिकता, सञ्चार कौशल र समस्या समाधान गर्ने क्षमता विकास अनलाइन कक्षा वा एआई मोडलहरूले उपलब्ध गराउन सक्दैनन्। साथै, लामो समय निरन्तर अनलाइन कक्षा लिनु विद्यार्थीका लागि थकाइलाग्दो हुन सक्छ। स्क्रिनमार्फत मात्र सिकाइ गर्नु चुनौतीपूर्ण पनि हुन सक्छ।

विद्यार्थीहरूलाई प्रत्यक्ष अियान्तर्क्र, शिक्षकको प्रत्यक्ष सहयोग र समूहमा सिक्ने वातावरण आवश्यक पर्छ। अनलाइन कक्षामा यस्तो वातावरण कमजोर हुन्छ।

प्राध्यापकको मद्दतबाट विद्यार्थीले पाठ्यक्रममा भएको ज्ञान प्राप्त गर्ने मात्र होइन, कक्षाकोठामा हुने प्रत्यक्ष अन्तर्क्रियाले विद्यार्थीको आत्मविश्वास बढाउँछ, तर्क गर्ने क्षमता विकसित गर्छ र व्यावहारिक जीवनका चुनौती सामना गर्न तयार बनाउँछ।

विश्वविद्यालय नयाँ विचार सिर्जना गर्ने, अनुसन्धान गर्ने र जटिल समस्याको समाधान खोज्ने सामूहिक थलो हो। एलएलएम र अन्य एआई प्रणालीहरू शिक्षा आर्जन गर्न उपयोगी भए पनि विश्वविद्यालय सोझै विस्थापन गर्न सक्ने हुँदैनन्। परोक्ष रूपमा भने असर पार्न सक्छन्, विश्वविद्यालयको चुनौती बढाउन सक्छन्।

रोजगारीमा सीप महत्त्वपूर्ण त हुन्छ नै, यससँगै असल आचरण, मेहनत गर्ने बानी, समयसीमाभित्रै काम सक्ने क्षमताजस्तो गुण पनि आवश्यक पर्छ। यस्तो गुण औपचारिक शिक्षाले मात्र ठिक ढंगले विकास गराउन सक्छ । विश्वविद्यालयको आवश्यकता कायम राख्न समयसापेक्ष रूपमा परिमार्जन र विकास हुन आवश्यक पर्छ। अबको समयमा विद्यार्थीलाई के सिकाउने; उनीहरूको ज्ञान, अवधारणा र सिप परीक्षण कसरी गर्ने भन्ने बारेमा हाम्रा विश्वविद्यालयहरू स्पष्ट हुन जरुरी छ।

यस अनुसार कदम चाल्न पनि उत्तिकै जरूरी छ।

मानिसका लागि एआई मित्रवत प्रविधि हो। यसले मानिसको पूर्ण स्थान लिने छैन। आफ्नो कामको महत्त्व बढाउन र रोजगारीका लागि आफूलाई अझ योग्य बनाउन एआईको उपयोग सिक्नु सबैका लागि अत्यावश्यक भएको छ।

हाम्रा विश्वविद्यालय र शिक्षकहरू एआईको समयसापेक्ष उपयोग गरेर शिक्षण प्रक्रिया अझ सहज र प्रभावकारी बनाउन सक्छन्। यसतर्फ बेलैमा ध्यान दिन अत्यावश्यक भएको छ। होइन भने विश्वविद्यालय र शिक्षकको महत्त्वमाथिको प्रश्न बलियो हुँदै जानेछ।

*(लेखक डा. आमोद खतिवडाले नर्थइस्टर्न विश्वविद्यालय (बोस्टन, अमेरिका) बाट विद्यावारिधि गरेका छन् उनी हाल माइक्रोसफ्ट (सिलिकन भ्याली, अमेरिका) का डेटा वैज्ञानिक हुन्। यस लेखमा प्रस्तुत विचार उनका निजी हुन्।)*

## कर्णालीमा...

अवधीमा कर्णाली प्रदेशका १० जिल्लामा एक हजार एक सय ९२ वटा आत्महत्याका घटना भएका छन्। आत्महत्या सम्बन्धी अपराधका घटना सबैभन्दा धेरै सुर्खेतमा तीन सय ९३ र सबैभन्दा कम डोल्पामा पाँच वटा मात्र भएका छन्।

दैलेखमा दुई सय ६४, रुकुमपश्चिममा एक सय चार, सल्यानमा एक सय ७१, जाजरकोटमा ८०, जुम्लामा ३३, हुम्लामा १४, मुगुमा ७६ र कालिकोटमा ५२ वटा आत्महत्याको घटना भएका छन्। आत्महत्या अन्तर्गत विष सेवन, आगो लगाएर, झुण्डिएर, ऐसिड सेवन, हातहतियार औजारबाट र पानीमा हाम फालेर वा डुबेर आत्महत्याका घटना भएका छन्। सबैभन्दा धेरै झुण्डिएर नौ सय चार वटा आत्महत्याका घटना भएको छ। कर्णालीमा सामाजिक अपराधका घटना हुनेक्रम पनि बढ्दो क्रममा छ।

प्रदेश प्रहरीको तथ्याङ्कमा प्रदेशमा सामाजिक अपराधका घटना बढ्दो क्रममा छन्। तथ्याङ्क अनुसार प्रदेशका १० जिल्लामा पछिल्लो चार वर्षको अवधीमा आठ सय तीन वटा सामाजिक अपराधका घटनाहरु भएका छन्। पछिल्लो आर्थिक वर्ष २०८१/०८२ को माघ महिनासम्ममा एक सय २३ वटा सामाजिक अपराधका घटनाहरु भएका छन्। त्यस्तै, आर्थिक वर्ष २०८०/०८१ मा दुई सय ६६ वटा, आर्थिक वर्ष २०७९/०८० मा एक सय ९१ र २०७८/०७९ मा दुई सय २६ वटा सामाजिक अपराधका घटनाहरु भएका थिए।

चार वर्षमा सामाजिक अपराधका घटनाहरु सबैभन्दा धेरै सुर्खेतमा तीन सय ३३ र सबैभन्दा कम हुम्लामा नौ वटा भएका छन्। सामाजिक अपराध अन्तर्गत धर्म परिवर्तन, राज्य विरुद्धको अपराध, जातीय भेदभाव तथा छुवाछुत, आवश्यक वस्तु संरक्षण ऐन, कुटपिट अंगभंग, सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकताविरुद्धको कसुर लगायत छन्।

## विश्व

# मस्कको टेस्ला कम्पनीको सेयर घट्छ भनेर 'जुवा खेल्ने' ले कमाए १६ अर्ब डलर

**वासिङ्टन डि सी, ५ चैत ।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग नजिकिएका इलन मस्कको टेस्ला कम्पनीको सेयर भाउ घट्छ भनेर आँकलन गरेर सर्ट-सेलिङ गर्ने कम्पनीले १६ अर्ब २० करोड डलरभन्दा धेरै नाफा कमाएका छन्।

ट्रम्पको उग्र समर्थन गरिरहेका मस्कको कम्पनी टेस्लाको सेयर भाउ ट्रम्पले चुनाव जितेपछि बढ्न थालेको थियो । यसरी डिसेम्बर १७ मा टेस्लाको सेयर भाउ उच्च विन्दुमा पुगेको बेला टेस्लाको सेयर त्यसपछि घट्छ भनेर केही सर्ट-सेलिङ गर्ने कम्पनीले अनुमान गरेका थिए।

त्यसयता टेस्लाको सेयर भाउ आधा घटेको छ भने कम्पनीको सम्पत्ति सात खर्ब डलरभन्दा धेरै घटेको छ। त्यसै कारणले सर्ट-सेलिङ गर्ने कम्पनीले १६ अर्ब २० करोड डलरभन्दा धेरै कमाएका छन् भनेर फाइनान्सियल टाइम्सले लेखेको छ।

सर्ट-सेलरले उच्च मूल्य भएका कम्पनीका सेयर सापटी लिएर बेच्छ र ती सेयरको भाउ घटेपछि फेरि किनेर फिर्ता गर्छ। सापटी लिएको र फिर्ता गरेको बेलाको सेयर मूल्यमा रहेको भिन्नता उसको नाफा हुन्छ। कम्पनीले ठगी वा अरू कुनै गैरकानूनी कार्य गरेको छ भने आफैले अनुसन्धान गरेर सार्वजनिक समेत गर्छ। त्यसरी सार्वजनिक गरेपछि सो कम्पनीको सेयरको मूल्य घट्ने भएकाले सर्ट-सेलरलाई फाइदा हुन्छ।

विगतमा टेस्लाको सेयर बढेको बेलामा घट्छ भनेर सर्ट-सेलिङ गर्ने धेरै कम्पनीले नोक्सानी बेहोरेका छन् । मस्क आफैले पनि टेस्लाको सेयर घट्छ भनेर सर्ट-सेलिङ गर्नेलाई उडाउने गर्थे। गत वर्ष पनि टेस्लाले स्वचालित गाडी बनाउन थालेपछि टेस्लाको सेयर सर्ट-सेलिङ गर्नेको नामोनिशान मेटिनेछ भनेर मस्कले भनेका थिए।

तर यसपटक भने ट्रम्पले सत्ता सम्हालेपछि टेस्लाको सेयर भाउ घट्छ भनेर सर्ट-सेलिङ गर्ने कम्पनीले नाफा कमाएका हुन्।

मस्कको टेस्ला कम्पनीलाई आर्थिक नोक्सानी हुन थालेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग नजिकिएर राजनीतिमा होमिएका मस्कलाई उनको राजनीतिक सहभागिताकै कारण नोक्सानी हुन थालेको हो । विश्वभरि टेस्लाको बिक्री घट्न थालेपछि कम्पनीको सेयर भाउ मार्च १० मा एकैदिन १५ प्रतिशतले घटेको थियो।

यो सन् २०२० सेप्टेम्बरपछि एकैदिनमा भएको सबभन्दा ठूलो गिरावट हो। त्यसपछि पनि यसको सेयर भाउ घटिरहेकै छ। टेस्लाको सेयर सन् २०२५ मा मात्रै ४५ प्रतिशतभन्दा बढीले कम भएको छ।

जनवरीपछि मस्कको व्यक्तिगत सम्पत्ति पनि एक खर्ब ३० अर्ब डलरभन्दा बढीले घटेको छ। यसरी लगातार नोक्सान बेहोरेपछि टेस्लाले ट्रम्पको भन्सार-युद्धका कारण आफू लगायत अरू अमेरिकी निर्यात कम्पनीहरू 'प्रतिशोधात्मक भन्सार' को निशाना र जोखिममा पर्ने भन्दै सरकारलाई पत्र लेखेर चेतावनी नै दिएको छ।

गत नोभेम्बरमा ट्रम्पले चुनाव जितेपछि टेस्लाको सेयर र मस्कको व्यक्तिगत सम्पत्ति दुवै ह्वात्तै बढेको थियो। ट्रम्पले कार्यभार

बाँकी ३ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बर

**एम्बुलेन्स**

| | |
|---|---|
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** – इष्टमित्रहरूबाट सहयोग को अपेक्षा नराख्नुहोस् । सावधानीपूर्वक किनमेल गर्नुहोस् । धर्ममा आस्था बढ्नेछ। स्वास्थ्यमा सुधार आउनेछ।

**वृष** – प्रतिस्पर्धामा विजयी भइनेछ। अरुको निजी मामलामा हस्तक्षेप नगर्नुहोला। वित्तीय गतिविधी सावधानीपूर्वक गर्नुहोस्। स्वास्थ्यलाइ लिएर सचेत रहनुहोस्।

**मिथुन** – आफन्तहरूको साथमा रमाइलो समय बित्नेछ । व्यापार व्यवसायलाई लिएर गरिएको यात्राबाट लाभ मिल्नेछ। आँटेको कार्य सम्पादन गर्न सकिनेछ।

**कर्कट** – कार्यक्षेत्रमा बिगरिएको कार्यलाई दोहोराएर गर्नु पर्ला। माताको स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। व्यवसायमा नमिठो बोलेर समस्यामा पर्न सक्नुहोला।

**सिंह** – व्यापार व्यवसायमा मनले खोजेजस्तो सफलताको लागि नयाँ अनुबन्धहरुमा ध्यान दिनुहोस्। कार्यक्षेत्रमा आफ्नो गलतीलाई मानेर सुधार्ने प्रयास गर्नुहोला।

**कन्या** – पारिवारिक समस्याले खर्चमा वृद्धि हुनेछ। पशुधन वा कृषि क्षेत्रबाट मनग्य लाभ आर्जन गर्न सकिनेछ। सामाजिक दायित्वको निर्वहनमा समय व्यतीत हुनेछ।

**तुला** – कार्यको सन्दर्भमा अधिकारीहरूबाट अनुकूल आश्वासन मिल्नेछ। भौतिक सुख सुविधामा धन खर्चका योग छन्।

**वृश्चिक** – सोचेभन्दा राम्रो सफलता हात लाग्नाले प्रोत्साहित हुनुहुनेछ। सुख सुविधामा धन खर्च हुनेछ। कारोबार विस्तारको लागि दीर्घकालीन योजना बन्नेछ।

**धनु** – भाग्यको साथ मिल्नेछ । अध्ययनमा सफलताले विदेशतिर जाने अवसर मिल्नेछ। भविष्यको लागि नयाँ कार्यको जग बसाउन सकिनेछ।

**मकर** – कार्यक्षेत्रमा दुविधामा परेर कुनै निर्णय नलिनुहोला। सामाजिक जीवनमा मानसम्मान बढ्नेछ। आयआर्जनका नयाँ स्रोतहरू बन्नेछन्।

**कुम्भ** – धर्मकर्ममा रुचि बढ्नेछ । सार्वजनिक जीवनमा लिएको जिम्मेवारी ईमान्दारीले निभाउनुहोस् । कार्यक्षेत्रमा मित्रहरूबाट सहयोग मिल्नेछ।

**मीन** – आर्थिक क्षेत्रमा वा कारोबारमा अनुभवी व्यक्तिको साथ मिल्नेछ। आत्मविश्वासमा वृद्धि हुनेछ। नोकरी वा पेशामा सहकर्मीहरूको साथ मिल्नेछ।

# लैङ्गिक सवालका मुद्दा कम उठ्ने गरेको गुनासो

**युग संवाददाता**
**सुर्खेत, ५ चैत ।**

कर्णाली प्रदेशसभामा प्रतिनिधित्व गर्ने विभिन्न दलका महिला सांसदहरुले आमसञ्चार माध्यममा लैङ्गिक समावेशिताको सवाल कम उठ्ने गुनासो गरेका छन् । मंगलबार वीरेन्द्रनगरमा संसदीय मामिला सम्बन्धि पत्रकारहरुसँग लैङ्गिक संवेदनशील संसदीय रिपोटिङ्ग विषयक तीन दिने कार्यशालाको समापन समारोहमा सहभागी सांसदहरुले सञ्चार माध्यममा महिलाका सवालले उचित स्थान पाउन नसकेको बताएका हुन् ।



राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद सन्तोषी शाहीले संसदमा महिलाहरुले उठान गर्ने विषयले निकै कम प्राथमिकता पाउने गरेको बताइन । सरकारले ठुला आयोजनाको अनुगमन तथा अन्य महत्वपूर्ण निर्णय लिदा आफूहरुलाई सहभागी नगराइने गरेको गुनासो उनको छ ।

यसतर्फ पत्रकारहरुले ध्यान पुऱ्याउन नसकेको उनले बताइन । यस्तै, प्रदेश मामिला समितिका सभापतिसमेत रहेकी नेकपा एकिकृत समाजवादीबाट निर्वाचित रुकुम पश्चिमका सांसद कल्याणी खड्काले कर्णालीका सामाजिक तथा सांस्कृतिक कुरिति अन्त्य गर्ने खालका बहसमा पत्रकार हरुको ध्यान कम गएको बताइन ।

देशमा संघीयता कार्यान्वयन भएसँगै कर्णालीको अवस्था सुधारोन्मुख रहेको बताउँदै खड्काले लैङ्गिक सहभागिताको सवाल सन्तोषजनक बन्न नसकेको बताइन । महिलालाई विशेष गरी राजनीतिमा आउन विविध सामाजिक कारण बाधक रहेको उल्लेख गर्दै खड्काले संविधानमा व्यवस्था भए अनुसार बाध्यकारी नीति अवलम्बन नगरिएसम्म लैङ्गिक समावेशी सहभागिताको सवाल बलियो बन्न नसक्ने बताइन । यसका लागि निर्वाचन प्रणालीमै सुधार गर्नुपर्ने खड्काको तर्क थियो ।

विभिन्न समयमा भएका राजनीतिक आन्दोलनले महिला सहभागिता बढ्नु सकारात्मक रहेको उनको भनाई थियो । यद्यपी सहभागिता बढ्नुले नभई महिलालाई निर्णय प्रक्रियामा कतिको संलग्न गराईएको छ भन्ने विषयले अर्थ राख्ने उनको तर्क थियो । नेतृत्वमा रहेका महिलाहरुको क्षमतामाथि प्रश्न उठ्नु स्वभाविक रहेको उल्लेख गर्दै सांसद खड्काले यसबाट उनीहरुलाई नागरिकप्रति उत्तरदायी हुन सिकाउने बताइन ।

त्यस्तै, अर्थ तथा प्राकृतिक स्रोत समितिका सभापती दक्षिणा शाहीले पुरुषको तुलनामा महिलालाई राजनीतिमा आउन निकै चुनौती रहेको बताइन । नेकपा एमालेबाट निर्वाचित कालिकोटकी सांसद शाहीले संविधानले सहभागिता अनिवार्य गरेको भएपनि पुरुषवादी सामाजिक चिन्तनले राजनीतिज्ञ महिलालाई जतातत्तै चुनौती रहेको गुनासो गरिन ।

आफुले नेतृत्व गरेको समितिमा कतिपय कानून निर्माणका क्रममा पुरुष सांसदबाट अफठ्यारोमा पर्ने गरेको उनले बताइन । संसदमा प्रतिनिधित्व गर्नेको मात्र नभई पछाडि पारिएका अन्य वर्गका महिलाको मौलिक हक स्थापित गराउन सञ्चार जगतले सशक्त आवाज उठाइदिनुपर्ने शाहीले धारणा राखिन । डोल्पाबाट निर्वाचित नेकपा माओवादी केन्द्रका सांसद एवम् पूर्व जलस्रोत तथा उर्जामन्त्री उर्मिला विश्वकर्माले महिला त्यसमा पनि दलित तथा उत्पिडनमा परेका महिलाको सवाल प्राथमिकतामा राखिनुपर्ने बताइन । समानुपातिक निर्वाचन प्रणालीबाट आउने महिलाहरु नेताका आसेपासे र कमजोर हुन्छन् भन्ने मानसकिता त्याग्नुपर्ने सांसद विश्वकर्माको धारणा छ ।

त्यस्तै, माओवादीबाट निर्वाचित रुकुम पश्चिमका सांसद मिलन रोकाले महिलाका सवालहरु सशक्त ढङ्गले उठान हुनुपर्ने बताइन । महिलाप्रति हेरिने दृष्टिकोण एकातिर व्यवहार अर्को हुँदा सहभागिताको सवाल ओझेलमा परेको उनले बताइन । पुरुषको तुलनामा महिलालाई चुलो, चौका, परिवार तथा समाजबाट माथि उठेर राजनीतिमा स्थापित हुन निकै चुनौती झेल्नुपर्ने स्थिती रहेको सांसद रोकाले बताइन ।

हुम्लाबाट निर्वाचित माओवादी सांसद जुमकित लामाले संसदमा महिलाले बोलेका विषय आमसञ्चार माध्ययमले खासै प्राथमिकता नदिने गरेको बताइन । समाजमा आवाज उठाउन नसक्ने वर्गको पक्षमा पत्रकारिताले वकालत गर्नुपर्ने उनको धारणा छ । केही गर्न सक्दैनन् भन्ने गलत सोचबाट शिक्षित समाजमा महिलालाई प्रत्यक्ष निर्वाचन प्रणालीबाट विजयी हुन निकै चुनौती रहेको सांसद लामाले बताइन ।

त्यस्तै, सुर्खेतबाट निर्वाचित कांग्रेस सांसद बलिमाया बुढाले मन्त्री भएमात्रै महिला पत्रकारका आँखामा पर्ने गरेको दावी गरिन । ठुलो पदमा पुगेका महिलाले मात्रै काम गर्न सक्छन भन्ने मनोविज्ञानका कारण सानो ओहोदामा बसेर काम गरेकाहरु ओझेलमा परेकाप्रति पत्रकारहरु सचेत रहनुपर्ने सांसद बुढाले बताइन । युएन उमनको आर्थिक तथा प्राविधिक सहयोगमा महिला अधिकारका क्षेत्रमा कानुनी वकालत गर्दै आएको महिला, कानून र विकास मञ्चको आयोजनामा आइतबारदेखि वीरेन्द्रनगरमा सुरु भएको संसदीय मामिला सम्बन्धि पत्रकारहरुसँग लैङ्गिक संवेदनशील संसदीय रिपोटिङ्ग विषयक कार्यशाला मंगलबार सम्पन्न भएको थियो ।

कार्यशालामा सहभागी आठ जना महिला र दुई जना पुरुष पत्रकाहरुलाई संसदीय रिपोटिङ्गमा अपनाउनुपर्ने लैङ्गिक संवेदनशिलताका सवालमा वरिष्ठ पत्रकार शिव गाउँलेले अभिमुखिकरण गरेका थिए । गाउँलेले संसदीय रिपोटिङ्गको आवश्यकता र महत्व तथा खोज पत्रकारितामा अपनाउन सकिने नविनतम् ज्ञान सीपका बारेमा अभिमुखिकरण गरेका थिए ।

# अमरदीप क्याम्पसमा अनेरास्ववियुका रावल निर्वाचित

**युग संवाददाता**
**सुर्खेत, ५ चैत ।**

अमरदीप क्याम्पस, सुर्खेतमा भएको अनेरास्ववियु निर्वाचनमा विशाल रावल निर्वाचित भएका छन् । उनले अखिल क्रान्तिकारीकी लक्ष्मी नेपालीलाई पराजित गरेका छन् ।

कोषाध्यक्ष पदमा पनि अनेरास्ववियुका प्रतिमा बिसी निर्वाचित भइन् । सचिव पदमा अखिल क्रान्तिकारीकी तारा नेपालीले विजयी भएका टन् । सदस्यका लागि अनेरास्ववियुका ३ जना रञ्जना कुमारी सिजापति, जानकी दाहाल र विमला केसी निर्वाचित भएको निर्वाचन अधिकृत लोकप्रसाद ढकालले बताए ।

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**(प्रथमपटक प्रकाशित मितिः २०८१।१२।०५)**

समाज जागरण केन्द्र (स्याक) नेपाल एक गैर नाफामूलक गैरसरकारी संस्था हो । यस संस्थाले महिला, बालबालिका र किशोरकिशोरीहरुको गुणस्तरीय जीवनका लागि सक्षम र समृद्ध समाज निर्माण गर्ने परिकल्पनाका साथ आफ्ना कार्यक्रमहरु कार्यान्वयन गर्दै आइरहेको छ । यस संस्थाले स्वास्थ्य, शिक्षा, जिविकोपार्जन, संरक्षण, जलवायु परिवर्तन, विपद व्यवस्थापन, मानवीय सहायता, संस्थागत विकास, लैङ्गिक समानता, विविधता, सामाजिक समावेशीकरण लगायतका क्षेत्रमा कार्य गर्दछ । यसै सन्दर्भमा यस संस्थाद्वारा सेभ द चिल्ड्रेनसंगको साझेदारीमा वराहताल गाउंपालिका, सुर्खेतमा My Forest Child परियोजना सञ्चालन भइरहेको छ । यस परियोजना जलवायु परिवर्तन, वातावरण संरक्षण, हरियाली प्रवर्द्धन, हरित रोजगारी सिर्जना लगायतका क्षेत्रमा तीनै तहका सरकारहरुसंगको समन्वय र सहकार्यमा कार्यान्वयन हुनेछ । त्यसैले उक्त परियोजनामा रिक्त रहेको निम्न लिखित कर्मचारीहरु आवश्यक भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुबाट आवेदन आह्वान गरिन्छ ।

**विज्ञापन नं.**: १९।२०८०।०८१
**पदः** परियोजना संयोजक
**आवश्यक संख्याः** १ (एक) जना
**उमेरः** १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको
**योग्यता, अनुभव तथा सिपः** मान्यता प्राप्त शैक्षिक संस्थाबाट वन विज्ञान, वातावरण, जलवायु परिवर्तन, प्राकृतिक स्रोत व्यवस्थापनमा स्नातक उत्तीण भई ३ वर्ष सम्बन्धित विषय र पदमा कार्य गरेको अनुभव तथा वन विज्ञान, वातावरण, जलवायु परिवर्तन, प्राकृतिक स्रोत व्यवस्थापनमा स्नातकोत्तर गरी १ वर्ष सम्बन्धित विषय र पदमा कार्य गरेको अनुभव भएको ।
विस्तृत कार्यविवरण तलको QR मा दिइएको छ ।
**आवेदन पेश गर्ने विधिः** सन्दर्भ व्यक्तिहरुको नाम, सम्पर्क नं., इमेलसहितको व्यक्तिगत विवरणसहितको यसै सूचनामा रहेको bit.ly/sacnepal1 लिङ्क मार्फत आवेदन पेश गर्न सकिनेछ । म्याद नाघी आएका, तोकिएको शैक्षिक योग्यता नपुगेका, तोकिएको मापदण्ड पुरा नभएका, वा रित पुरा नगरेका आवेदनहरु स्वीकृत गर्न संस्था वाध्य हुनेछैन । संस्थाले पूर्ण वा आंशिक कुनै पनि आवेदन विना शर्त स्वीकृत गर्ने वा नगर्ने अधिकार आफूमा निहित गर्दछ । प्रारम्भिक छनौंटमा परेका उमेदवारहरुलाई मात्र लिखित तथा मौखिक छनौंट प्रक्रियामा समावेश गरिनेछ । संस्था तथा कार्यक्रमले सकारात्मक विभेदिकरण नीति अवलम्बन गर्ने भएकाले महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, सिमान्तकृत वर्ग, वञ्चितिकरणमा परेको वर्ग, तथा स्थानीयलाई प्राथमिकता दिइनेछ । यस संस्था यौंन उत्पीडन, शोषण र दूर्व्यवहार र वाल दू र्व्यवहार रोक्नका लागि संस्थाको संरक्षण नीति तथा अन्य सम्बन्धित नीतिहरुसहित प्रतिबद्ध रहेको छ । यदि आवेदन दिने व्यक्तिको यस संस्थामा कुनै नाता लाग्ने व्यक्ति वा कुनै स्वार्थको द्वन्द्व (Conflict of Interest) छ भने आवेदनको साथमा उल्लेख तथा स्व-घोषणा गर्नुहुन समेत जानकारी गराइन्छ ।
**आवेदन पेश गर्ने अन्तिम मितिः** २०८१।१२।११ गते दिनको ५:०० बजेसम्म । यदि कुनै कुरा बुझ्नुपरेमा तल उल्लेखित फोन नं. मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**थप जानकारीका लागि**
**समाज जागरण केन्द्र (स्याक) नेपाल**
वीरेन्द्रनगर, सुर्खेत
फोनः ०८३ ५२१२८२

# शहरी विकास मन्त्रालयको खर्च अठार प्रतिशत

**युग संवाददाता**
**काठमाडौँ, ५ चैत ।**

शहरी विकास मन्त्रालयले चालु आर्थिक वर्षमा रु १२ अर्ब २४ करोड तीन लाख ८७ हजार अर्थात् १७.९३ प्रतिशत खर्च गरेको छ । आज मन्त्रालयले पत्रकार सम्मेलन गरेर उक्त जानकारी दिएको हो ।




मन्त्रालयका निम्ति रु ९१ अर्ब ३५ करोड २३ लाख विनियोजन भएकामा सङ्घतर्फ ६८ अर्ब २५ करोड ८३ लाख ३९ हजार भएको थियो । विनियोजित रकममध्ये चालुतर्फ रु चार अर्ब ४२ करोड ३८ लाख २३ हजार र पुँजीगततर्फ रु ६३ अर्ब ८३ करोड ४५ लाख १६ हजार छुट्याइएको थियो ।

हालसम्म चालुतर्फको खर्च २५ दशमलव २३ प्रतिशत भएको छभने पुँजीगततर्फको खर्च १७ दशमलव ४३ प्रतिशत रहेको छ । चालु आवमा शहरी विकास मन्त्रालय (सङ्घीय कार्यालय)बाट कार्यान्वयन हुने तीन हजार ७१६ वटा नयाँ कार्यक्रममध्ये जम्मा एक हजार ६२३ वटा कार्यक्रमको बोलपत्र आह्वान भएको छ ।

बोलपत्र आह्वान भएका एक हजार ६२३ वटा कार्यक्रममध्ये पनि एक हजार ९८ वटा कार्यक्रमको ठेक्का सम्झौता भएको छभने १२४ वटा पूरा भएका छन् । यसैगरी, बाँकी दुई हजार ९३ वटा कार्यक्रममध्ये २८८ वटा कार्यक्रम बहुवर्षीय स्वीकृतिका लागि प्रस्तावित कार्यक्रम हुन् ।

मन्त्रालयका प्रवक्ता नारायण मैनालीका अनुसार एक हजार ४५९ वटा पुराना (क्रमागत तथा बहुवर्षीय स्वीकृत कार्यक्रम)मध्ये चालु आवमा जम्मा २८० वटा कार्यक्रम सम्पन्न भइसकेका छन् । त्यसैगरी, ३३० वटा झोलुङ्गे पुल निर्माण गर्ने लक्ष्य रहेकामा हालसम्म १६२ वटा निर्माण सम्पन्न भएका छन् ।

यसैवर्ष संविधान दिवसका दिनदेखि आगन्तुकका निम्ति खुला गरिएको धरहराको अवलोकन एक लाख ३० हजारभन्दा बढीले गरेका र त्यसबाट रु दुई करोड ३७ लाख राजस्व सङ्कलन भएको उक्त मन्त्रालयले जानकारी गराएको छ ।

## मस्कका...

सम्हालेपछि मस्कले अमेरिकाको संघीय सरकारको शासकीय संरचनामा धावा बोलेका छनु ।

चुनाव नजितेको र संसदीय सुनुवाइ समेत सामना नगरेका मस्कले संघीय सरकारको गतिविधि नै डामाडोल हुने गरी काम गरेपछि अमेरिकी जनता अहिले रिसाएका छन् । विपक्षी डेमोक्र्याटिक नेता-कार्यकर्ता मात्रै नभएर रिपब्लिकन नेताहरू समेत खुसी नभएको भनिन्छ ।

# पच्चीस करोड विदेशी मुद्रा बरामद



**युग संवाददाता**
**काठमाडौँ, ५ चैत ।**

काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रहरी टोलीले राजधानीबाट करिब रु २५ करोड २२ लाख ४५ हजार बराबरको विदेशी मुद्रा बरामद गरेको छ । राष्ट्र बैङ्कले मंगलबारका लागि निर्धारण गरेको विदेशी मुद्रा विनिमय दरअनुसार उक्त मूल्य बराबरको विदेशी मुद्रा बरामद गरेको हो ।

ठूलो परिमाणमा अमेरिकी डलरसहितका विदेशी मुद्रा राजस्व छली गरी ओसारपसार तथा कारोबार गरेको सूचनाका आधारमा कार्यालयबाट खटिइएको टोलीले सोमबार बेलुका टोखा नगरपालिकास्थित झोरबाट उक्त रकम बरामद गरेको हो ।

ना ७ ख १६५१ नं. को मालवाहक ट्रकको चालक बस्ने ठाउँमा 'फल्सबटम' बनाई लुकाईछिपाई ल्याएको अवस्थामा सवारी चालक सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिकाका ४३ वर्षीय कुसाङ लामासहित पक्राउ गरिएको प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए ।

बरामद गरिएको विदेशी मुद्रामा अमेरिकी डलर एक सय दरका तीन हजार ११९ थान, अमेरिकी डलर ५० दरका १७९, युरो ५०० दरका ११ थान, युरो २०० दरका ४८०, युरो १०० दरका चार हजार १४८ थान, युरो ५० दरका १७ हजार १७७ थान रहेको कार्यालयले मंगलबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिएको हो ।

बरामद गरिएका विदेशी मुद्रासहित निजलाई विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ बमोजिमको कसुरमा थप अनुसन्धान र कारबाहीका लागि राजस्व अनुसन्धान विभागको जिम्मा लगाइएको छ ।

# वीरेन्द्रनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**वीरेन्द्रनगर, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

## ठेक्का स्वीकृतीको आशयको सूचना

**(सूचना प्रकाशन मितिः २०८१/१२/०६)**

यस कार्यालयबाट विभिन्न मितिमा प्रकाशित वोलपत्र आब्हानको सूचना बमोजिम रितपूर्वक दर्ताहुन आएका वोलपत्रहरुको बिभिन्न मितिमा बसेको वोलपत्र मुल्यांकन समितिको सिफारिस बमोजिम तपसिलको वोलपत्र न्यूनतम मूल्यांकन सारभुत प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्वन्धित सवैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**तपसिलः**

| क्र. सं. | ठेक्का नं. | आयोजनाको नाम र आयोजना स्थल | सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर तथा PS वाहेक) |
|---|---|---|---|---|
| 1 | ncb/ bm/w/8182/50 | Neta Chowk Dekhi Aakha Aspatal Sadak Sudhar, Birendranagar 6, Surkhet | D. G. Construction Birendranagar-6, Surkhet | 1,14,68,075.00 |
| 2 | ncb/ bm/w/8182/51 | Road Upgrading works from Masurikhet Tharugaon to Jaganath School Jane Bato | Maya Nirman Sewa Birendranagar 3, Surkhet | 19,17,604.80 |
| 3 | ncb/ bm/w/8182/54 | Ghato Pani Sichai Aayojana Pokhari Nirman, Birendranagar 13 (Dahaldanda), Surkhet | Sandesh Nirman Sewa Raskot, Kalikot | 16,34,748.60 |
| 4 | ncb/ bm/w/8182/41 re | Ringroad Sasastra Fencing wall Relocation works | The Avimannu Construction Birendranagar 3, Surkhet | 22,16,359.50 |

**प्रमुख प्रशासकीय अधिकृत**
**वीरेन्द्रनगर नगरपालिका कार्यालय, सुर्खेत**

# डोल्पामा पहिलो पटक कानको शल्यक्रिया

**युग संवाददाता**
**डोल्पा, ५ चैत ।**

डोल्पाको जिल्ला अस्पताल दुनैमा पहिलो पटक कानको शल्यक्रिया सुरु भएको छ ।

'ब्याक टु लाइफ ई भी'को सहयोगमा फागुन २९ र चैत १ मा सञ्चालन भएको निःशुल्क स्वास्थ्य शिविरका क्रममा अस्पतालमा उक्त शल्यक्रिया भएको हो।

शिविरमा ३४९ जनाको कान, नाक, घाँटीसम्बन्धी रोगहरूको निदान तथा उपचार र सुन्ने क्षमता कम भएका २५ बिरामीहरूका सुन्ने क्षमताको जाँच गराइएको थियो।

डा अरुण केसीको नेतृत्वमा पहिलो पटक जिल्लामै कानको शल्यक्रिया सुरु भएको हो । जसअनुसार आज र भोलि जम्मा २० जना को कानको शल्यक्रिया गरिने छ ।

उनीहरूको सबै चेकजाँच, शल्यक्रिया तथा औषधि वितरण निःशुल्क गरिएको जिल्ला अस्पताल दुनै डोल्पा डा. अखण्ड उपाध्यायले जानकारी दिए ।

# यु १९ पुरुष विश्वकपको छनोटमा कर्णालीका २ खेलाडी

**युग संवाददाता**
**सुर्खेत, ५ चैत ।**

यु १९ पुरुष विश्वकपको एसिया छनोटका लागि टोली घोषणा भएको छ । नेपाल क्रिकेट संघ(क्यान)ले सोमवार नरेन भट्टको कप्तानीमा १८ सदस्यीय टोलीको घोषणा भएको छ । उक्त टोलीमा कर्णाली प्रदेशबाट २ खेलाडी परेका छन् ।

नेपाल प्रिमियर लिगबाट उदाएका विपिन शर्मा सहित अरविन्द घर्ती टिममा परेका हुन् । शर्मा सुर्खेतका हुन भने घर्ती रुकुम पश्चिमका हुन् । यही चैत्र ३० बाट बैशाख ८ अर्थात् १२ अप्रिलदेखि २१ अप्रिलसम्म काठमाडौंमा आयोजना हुने एसिया छनोटका लागि टोली घोषणा भएको हो ।

क्यानका अनुसार अन्तिम १४ सदस्यीय टोली भने चाडै घोषणा गरिने छ । विश्व कपका लागि एसिया छनोटमा नेपाल, अफगानिस्तान, युएई, हङकङ र ओमानको सहभागिता रहनेछ ।

नेपाली युवा टोली

नरेन भट्ट (कप्तान), अभिषेक तिवारी, नीरज कुमार यादव, सहिल पटेल, सिब्रिन श्रेष्ठ, रोशन कुमार विश्वकर्मा, दर्श सोनार, दिलसाद अलि, सन्तोष यादव, अशोक धामी, दयानन्द मण्डल, अप्राजित पौडेल, युवराज खत्री, अरविन्द घर्ती, सोहेल कुँवर, विपिन कुमार शर्मा, नितेश पटेल र अमर मिश्र रहेका छन् ।

# गुर्भाकोट बहुमुखी क्याम्पसमा नेविसंघका विष्ट निर्वाचित

**युग संवाददाता**
**सुर्खेत, ५ चैत ।**

सुर्खेतको गुर्भाकोट बहुमुखी क्याम्पसमा नेपाल विद्यार्थी संघका मोहन विष्ट निर्वाचित भएका छन् । उनी निर्विरोध निर्वाचित भएका हुन् । सचिवमा अनेरास्ववियुका रिमबहादुर थापा र कोषाध्यक्षमा नेविसंघका हेमन्त भण्डारी निर्विरोध निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ ।

निर्वाचनमा नेविसंघ र अनेरास्ववियुले भागबन्डा गरेका हुन्। सदस्यहरूमा ४ जना अनेरास्ववियु र ४ जना नेविसंघका निर्वाचित भएका छन् । सुर्खेत बहुमुखी क्याम्पसको स्ववियु निर्वाचन भने अनिश्चित भएको छ। विद्यार्थी र निर्वाचन समिति आआफ्नै अडानले निर्वाचन प्रभावित बनेको बताइएको छ ।

# पञ्चांग निर्णायक विकास समितिको स्वीकृति नलिइ छापिने भित्तेपात्रो जफत गरिने

**युग संवाददाता**
**काठमाण्डौं, ५ चैत ।**

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गतको नेपाल पञ्चांग निर्णायक विकास समितिले पात्रो तथा भित्तेपात्रो प्रकाशन गर्नुअघि स्वीकृति लिन आह्वान गरेको छ ।

मन्त्रिपरिषदको २०७७ पुस २० गतेको बैठकले समिति गठन आदेश स्वीकृत गरी लागू भएपछि पात्रो तथा भित्तेपात्रो प्रकाशन गर्नुपूर्व समितिको अनुमति लिनुपर्ने व्यवस्था रहेको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुंगेलले जानकारी दिए ।

समितिको स्वीकृति नलिइ पात्रो तथा भित्तेपात्रो प्रकाशन गर्दा चाडपर्व, बिदा लगायत विषयमा फरक पर्न जाने भएकाले त्यसो नगर्न समितिले अनुरोध गरेको हो ।

समितिको स्वीकृति नलिइ प्रकाशन भएका पात्रो तथा भित्तेपात्रोका विषयमा बजार अनुगमन भइरहेको पनि उनले बताए ।समाजमा भ्रम फैलाउने उद्देश्यले प्रकाशन हुने समितिको स्वीकृति नलिएका पात्रो तथा भित्तेपात्रोलाई बजार अनुगमनका क्रममा जफत गरी प्रकाशकलाई कानुन अनुसार कारबाही गरिने पनि समितिले जनाएको छ । यस सम्बन्धी थप जानकारी आवश्यक परे नारायणहिटीस्थित समितिको कार्यालयमा सम्पर्क गर्न सकिने पनि कार्यकारी निर्देशक ढुंगेलले बताए ।

समितिको गठन आदेश जारी भएपछि बजार अनुगमन गरेरै पात्रो र भित्तेपात्रो नियमन हुँदै आएको छ ।

## चोरीका...

जवरजस्ती करणी ६ सय ५७, जवरजस्ती करणी उद्योग एक सय ४७, अप्राकृतिक मैथुन चार, बालयौन दुराचार २९, यौन दुर्व्यवहार नौ, बोक्सीको आरोप चार र बालहिंसाका तीन वटा अपराधका घटना भएको छ ।

कर्णालीमा सवारी दुर्घटनाका घटना पनि बढेको छ । चार वर्षमा प्रदेशभर दुई सय ३७ जनाले सवारी दुर्घटनामा ज्यान गुमाएका छन् । सवारी दुर्घटनाबाट एक सय १६ जना अंगभंग भएका छन् । त्यस्तै कर्णालीमा चार वर्षको अवधीमा ६ सय पाँच वटा वैंकिङ कसुर सम्बन्धीका मुद्दा दर्ता भएका छन् । कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योगका तीन सय ५६ उजुरी परेका थिए ।

# 'प्रदेश प्रहरी ऐन, २०८१' पारित गर्ने प्रस्ताव बहुमतले स्वीकृत

**युग संवाददाता**
**सुर्खेत, ५ चैत ।**



कर्णाली प्रदेश सभाको आजको बैठकले कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ माथिको छलफल गरियोस्' प्रस्ताव बहुमतले स्वीकृत गरेको छ। त्यसअघि विधेयकमाथिको सैद्धान्तिक छलफलका क्रममा सांसदहरुले उठाएका प्रश्नको जवाफ मुख्यमन्त्री यामलाल कँडेलले दिएका थिए ।

मुख्यमन्त्री कँडेलले संघीयता कार्यान्वयनको निम्ति सबै कानुन महत्वपूर्ण हुने बताए। त्यसमा पनि प्रदेश प्रहरी ऐन संघीयताको मुख्य अभिन्न हिस्सा भएको जानकारी दिए ।

उनले भने,' यो कानुन आफैमा विशिष्ट महत्व राख्ने कानुन हो । जुन कुरा एकल प्रयासबाट सम्भव नभएकै कारणले गर्दा बाहिर यसैलाई आधार बनाएर संघीय सरकारको समयसमयमा नेतृत्व गर्ने सबै राजनीतिक दलहरूलाई टिप्पणी गरिरहेको अवस्था छ ।'

विधेयकमाथिको सैद्धान्तिक छलफलमा सांसदहरु कृष्णबहादुर जिसी, हिक्मत विष्ट, टेकराज पछाई र सन्तोषि शाहीले भाग लिएका थिए ।

प्रदेशमा शान्ति सुरक्षा कायम गर्दै अपराध अनुसन्धान, रोकथाम र नियन्त्रण मार्फत संविधान प्रदत्त मौलिक हक, मानव अधिकारको संरक्षण तथा नागरिक स्वतन्त्रताको रक्षा गर्ने उद्देश्यले प्रदेश प्रहरीको गठन, सञ्चालन, सुपरिवेक्षण, समन्वय, व्यवस्थापन र नियमनका लागि यो ऐन ल्याइएको हो ।

## संगठित...

वर्षमा तीन सय ९१ जना लागू औषध कारोबारको आरोपमा संलग्न भएको पाइएको छ ।

आर्थिक वर्ष २०८१/०८२ मा ७६ जना, आर्थिक वर्ष २०८०/०८१ मा १ सय २, आर्थिक वर्ष २०७९/०८० मा एक सय १३ र आर्थिक वर्ष २०७८/०७९ मा ९५ जना लागू औषध कारोबारको आरोपमा संलग्न भएका थिए । जूवा खेल्न वा सट्टाबाजी, मुद्रा सम्बन्धी कसुर, ठगी, लागू औषध, कालो बजार, चंदा संकलन, सरकारी छाप दस्तखत किर्ते, अपहरण वा शरीर बन्धक सम्बन्धी कसुर, हातहतियार खरखजना सम्बन्धी मुद्दालाई प्रहरीले संगठित तथा आर्थिक अपराध उल्लेख गरेको छ ।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री मोहन सिं खत्री धनी रहेको, दर्ता नम्बर ३६३७/०७४/०७५ बाट भेरीगंगा न.पा-६, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री गौतम निमार्ण सेवा नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीकालागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

सामेल एग्रिकल्चर प्रा.लि.
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत
हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाइटेक, हाइटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।
budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२



घरायसी सामानहरुका लागि :
भवानी अर्डर एण्ड सप्लायर्स
वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८



हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराइ, कोला बोतल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।

घर निर्माण कार्यको लागि सम्झनुहोस्
हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।



प्रो. शिवराज शाही
शिवराज सप्लायर्स
वी.न.पा.–३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर
हाम्रा विशेषताहरू
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।
इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा
☎ ९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२
Bhawani Auto Workshop, Birendranagar-Surkhet
भवानी अटो वर्कसप
वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत
TOYOTA | BYD | Mahindra | FORCE MOTORS | ISUZU | FOTON | TATA
Servicing | Repair | Denting | Panting | Washing
हाम्रा सेवाहरु
✔ गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
✔ चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
✔ बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
✔ डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
✔ गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
✔ सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।



युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।